// स्थानीय राजपत्र

भाग : १, खण्ड : ७, संख्या २०, राजपत्रमा प्रकाशित मिति २०८१।०९।२९

नगरसभा वैठकवाट स्वीकृती मिति : २०८१।०९।२५

प्रमाणिकरण मिति : २०८१।०९।२८

## दिपायल सिलगढी नगरपालिका, डोटी

# दलित सशक्तीकरण तथा विकास गर्ने सम्बन्धमा बनेको ऐन, २०८१

**प्रस्तावना**ःप्रत्येक व्यक्तिको आत्मसम्मान र मानवीय मर्यादामा समान अधिकार हुने सिद्धान्तलाई आत्मसात गर्दै, कुनै पनि व्यक्ति तथा समुदायमाथी प्रथा, परम्परा, जात, जाति, धर्म, संस्कृति, रीतिरिवाज, उत्पत्ति, वर्ण वा अन्य कुनै पनि आधारमा हुने छुवाछुत तथा भेदभावको समुल रुपमा अन्त्य गर्दै, बहिस्करणमा परेको समुदायको सशक्तिकरण र विकास गर्न नगरपालिकास्तरीय कानुनको व्यवस्था गर्न बान्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी दिपायल सिलगढी नगरपालिका, डोटीको नगरसभाले यो ऐन वनाएको छ ।

## परिच्छेद–१ : प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "दलित सशक्तीकरण तथा विकास ऐन, २०८१रहेको छ ।

(२) यो ऐन नगरसभाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अको अर्थ नलागेमा यस ऐनमा :

(क) "आयोग" भन्नाले राष्ट्रिय दलित आयोगलाई सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले दिपायल सिलगढी नगरपालिकाको "दलित सशक्तीकरण तथा विकास ऐन, २०८१ लाई सम्झनु पर्दछ ।

(ग) "कसूर" भन्नाले मुलुकी अपराध संहिता, २०७४ तथा जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ बमोजिमको कसुरलाई सम्झनु पर्दछ।

(घ) "कार्यपालिका" भन्नाले दिपायल सिलगढी नगरपालिकाको कार्यपालिकालाइ सम्झनु पर्दछ ।

(ङ) "जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव" भन्नाले जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को दफा ४ बमोजिमको कार्यलाई सम्झनु पर्दछ |

(च) "दलित समुदाय" भन्नाले राष्ट्रिय दलित आयोगले सचिकृत गरेका र आयोगको सिफारिसमा नेपाल सरकारले दलित भनी परिभाषित र सूचिकृत गरेका समुदायलाई सम्झनु पर्दछ । सो शव्दले पालिकाको सिफारिसमा जिल्ला प्रशासन कार्यालयबाट दलित भनी प्रमाणित समुदायलाई समेत सम्झनु पर्दछ ।

(छ) "नगरपालिका" भन्नाले दिपायल सिलगढी नगरपालिकालाई सम्झनु पर्दछ ।

(ज) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्दछ ।

(झ) “प्रदेश सरकार” भन्नाले सुदूरपश्चिम प्रदेश सरकारलाई सम्झनु पर्दछ ।

(ञ) “समिति” भन्नाले यस ऐनको दफा ३ बमोजिम गठन भएको दलित सशक्तिकरण समिति सम्झनु पर्दछ

(ट) “सार्वजनिक स्थान” भन्नाले सरकारी, शैक्षिक, औद्योगिक प्रतिष्ठान, प्राचीन स्मारक, सार्वजनिक स्थल, पाटी–पौवा, धारा, इनार,कुवा, पोखरी, चौतारी, सडक वा बाटो,सार्वजनिक यातायातका साधन, मसानघाट, उद्यान–बगैंचा, कुनैपनि किसिमको धार्मिक स्थल जस्ता सार्वजनिक प्रयोजनमा रहेका स्थान सम्झनु पर्दछ र सो शब्दले सार्वजनिक रुपमा वस्तु वासेवा बिक्री वितरण गर्ने अन्य कुनै पनि स्थान समेतलाई जनाउनेछ ।

(ठ) “सार्वजनिक सेवा” भन्नाले सरकारी, सार्वजनिक संस्था,यातायात, औद्योगिक वा शैक्षिक प्रतिष्ठान, कम्पनी, फर्म, पसल, होटल, रिसोर्ट, लज, रेष्टुरेण्ट, क्याफे, सिनेमा हल वा नाचघर सम्झनु पर्दछ र शब्दले कुनै पनि सरकारी वा गैरसरकारी निकायबाट प्रदान गरिने सार्वजनिक प्रयोग वा उपयोगका कुनै पनि सेवा र सुविधा समेतलाई जनाउनेछ ।

(ड) “सार्वजनिक समारोह” भन्नाले भोज–भतेर, पूजा–पाठ, यज्ञ, अनुष्ठान, जन्म, नामाकरण, विवाह, मृत्यु जस्ता जुनसुकै प्रकारका धार्मिक, सामाजिक–सांस्कृतिक समारोह सम्झनु पर्दछ ।

(ढ) “सार्वजनिक पद धारण गरेको व्यक्ति” भन्नाले संविधान र अन्य प्रचलित कानून वा सम्बन्धीत निकाय वा अधिकारीको निर्णय वा आदेश बमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तव्य पालन गर्नुपर्ने वा दायित्व निर्वाह गर्नुपर्ने पदमा बहाल रहेको व्यक्तिसम्झनु पर्दछ र सो शब्दले सार्वजनिक संस्था, गैरसरकारी संस्था तथा स्थानीय स्तरमा गठन भएको अनौपचारिक समिति समेतको कुनै पदमा बहाल रहेको पदाधिकारी वा कर्मचारी समेतलाई जनाउनेछ ।

(ण) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ।

(त) “संहिता” भन्नाले मुलुकी अपराध संहिता२०७४ लाई सम्झनु पर्दछ।

(थ) “स्थानीय तह” भन्नाले प्रदेश अन्तरगतका गाउँपालिका र नगरपालिकालाई सम्झनु पर्दछ ।

(द) “स्थानीय सरकार” भन्नाले शुदुरपस्चिम प्रदेश अन्तर्गत रहेका स्थानीय तहलाई सम्झनु पर्दछ ।

## परिच्छेद –२ : दलित सशक्तिकरण तथा विकास समिति सम्वन्धी व्यवस्था

**३. दलित सशक्तिकरण तथा विकास समितिको गठनः** (१) स्थानीयस्तरमा दलित अधिकार प्रवर्द्धन, सशक्तिकरण, विकास, जातीय विभेद तथा छुवाछूत घटनाहरूलाई नियन्त्रण गर्न तथा निगरानी गर्न नगरपालिकामा देहाय बमोजिमको एक दलित सशक्तीकरण तथा विकास समिति रहनेछ :

(क) नगर प्रमुख ------------------------------- अध्यक्ष

(ख) कार्यपालिकामा प्रतिनिधित्व गर्ने दलित सदस्यमध्ये कार्यपालिकाले तोकेको एक जना---- उपाध्यक्ष

(ग) कार्यपालिकामादलित समुदायबाट प्रतिनिधित्व गर्ने सदस्यमध्येबाट कार्यपालिकाले नियुक्त गरेका एक जना महिला ---- सदस्य

(घ) पालिकाभित्र क्रियाशिल राष्टिय मान्यताप्राप्त राजनीतिक दलबाट एक दल एक प्रतिनिधि-------सदस्य

(ङ) शिक्षा क्षेत्रमा क्रियाशिल व्यक्तिहरूमध्ये कार्यपालिकाले नियुक्त गरेको एक जना दलित समुदायको व्यक्ति-------------- सदस्य

(च) दलित अधिकारको क्षेत्रमा काम गरिरहेका गैससमध्येबाट कम्तीमा एक महिला सहित दुई जना------------------सदस्य

(छ) स्थानीय न्यायिक समितिका सदस्यमध्येबाट कार्यपालिकाले नियुक्त गरेको एक जना-------- सदस्य

(ज) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत------ सदस्य सचिब

(२) उपदफा (१) को देहाय खण्डको (ख), (ङ) र (च) बमोजिमको सदस्यहरूको पदावधि ४ वर्षको हुनेछ । कार्यपालिकाले उपयुक्त ठानेमा निजहरू एक पटकका लागि पुनःनियुक्त हुन सक्नेछन ।

(३) समितिले आवश्यक देखेमा सरोकारवाला निकायका व्यक्ति वा कुनै विज्ञलाई समितिको बैठकमा आमन्त्रित सदस्यको रूपमा बोलाउन सक्नेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकारः** (१) दलित सशक्तीकरण तथा विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) दलितको सशक्तीकरणको लागि आवश्यक नीति, कार्यक्रम तथा वजेटको वारेमा योजना वनाई अध्यक्षमार्फत कार्यपालिकामा पेश गर्ने ।

(ख) प्रत्येक वडालाई दलितको सशक्तिकरण तथा विकासका लागि आवश्यक नीति, कार्यक्रम र वजेट छुट्याउन प्रेरित गर्ने र सहजिकरण गर्ने ।

(ङ) जातीय विभेद तथा छुवाछुतका घटनाका दोषीलाई कानूनी कारवाही गर्न र पिडितलाई अवश्यक क्षतिपूर्ति सहितको संरक्षण दिन सम्वन्धित निकायलाई अनुरोध तथा सहजीकरण गर्ने |

(च) जातीय विभेद तथा छुवाछुत मुक्त टोल, वडा तथा नगरपालिका घोषणा गर्ने सूचकमा अधारित मापदण्ड वनाइ क्रमशः घोषणा गर्दै लैजाने र त्यसको दिगोपनका लागि नियमित कार्यक्रम सञ्चालन गर्ने ।

(छ) संयुक्त राष्ट्र संघीय दीगो विकास लक्ष्य हासिल र कसैलाई पछाडी नछोडौ “Leave No One Behind" भन्ने सुनिश्चित गर्न आवश्यक नीति योजना तथा कार्यक्रम बनाई लागू गर्ने।

(ज) हरेक वडाले दलितको आर्थिक, सामाजिक तथा साँस्कृतिक अवस्थाको प्रतिविम्व हुने तथ्यांक लिने तथा त्यसलाई अध्यावधिक गर्दै जाने |

(झ) दलितहरुको परम्परागत सीप, तथा पेशाको आधुनिकीकरण, सम्वर्द्धन तथा प्रवर्द्धनका लागि आवश्यक नीति, कार्यक्रम र वजेट वनाउने र लागु गर्न आवश्यक भूमिका खेल्ने |

(ञ) दलित समुदायको सशक्तिकरण र विकाका लागि अन्य आवश्यक कार्य गर्ने ।

(२) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. समितिको बैठक सम्वन्धी कार्यविधिः**

(क) समितिको बैठक कम्तीमा २ महिनामा एकपटक बस्नेछ ।

(ख) अध्यक्षले तोकेको मिति, समय र स्थानमा बैठक बस्नेछ । उक्त बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(ग) समितिको बैठक बस्ने सूचना अध्यक्षको निर्देशनमा समितिको सदस्य–सचिवले सदस्यहरूलाई पठाउनु पर्नेछ ।

(घ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(ङ) समितिले सम्वन्धित क्षेत्रका कुनै पदाधिकारी, प्राविधिज्ञ वा विशेषज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(च) समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

**६. समितिको सचिवालयः** (१) समितिको सचिवालय दिपायल सिलगढी नगरपालिकामारहनेछ ।

(२) सचिवालयका लागि आवश्यक पर्ने जनशक्ति, भौतिक तथा प्राविधिक साधन र स्रोत नगर कार्यपालिकाले व्यवस्थापन गर्नु पर्नेछ । उक्त सचिवालयले दलित हेल्प डेस्कको रूपमा काम गर्नेछ।

**७. कोषको व्यवस्थाः** (१) दलित सशक्तीकरण तथा विकास समितिको प्रयोजनको लागि एक छुट्टै कोष हुनेछ । उक्त कोषमा देहाय बमोविमको रकम जम्मा गरि खर्च गरिने छः

(क) संघीय, प्रदेश र नगरपालिकाले प्रदान गरेको अनुदान, सहयोग वा कार्यक्रम संचालन गर्न प्रदान गरिएको रकम |

(ख) विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकाय वा संघ संस्थाहरुबाट प्राप्त रकम |

(ग) दलित सशक्तिकरण र विकासका लागि प्राप्त हुने अन्य रकम ।

## परिच्छेद – ३ : शिक्षा र स्वास्थ्य सम्बन्धी व्यवस्था

**८. दलित समुदायलाई निःशूल्क शिक्षाः** (१) नगरपालिकाले प्रत्येक दलित विद्यार्थीलाई प्राथमिक तहदेखि माध्यामिक तहसम्म अनिवार्य, र छात्रवृति सहित निःशुल्क शिक्षा दिन देहाय बमोजिमको कार्य गर्नेछः

(क) आधारभूत तहदेखि माध्यामिक तहसम्म छात्रवृति सहित अनिवार्य, गुणस्तरीय र निःशुल्क शिक्षाका लागि नगरपालिकाको नीति, योजना र कार्यक्रम बनाई लागु गर्नेछ ।

(ख) छात्रवृति सहित निःशुल्क उच्च शिक्षाको लागि नीति, योजना र कार्यक्रम बनाई कार्यन्वयन गर्ने गराउनेछ ।

(ग) संघीय सरकार तथा प्रदेश सरकारलले प्रदान गर्नेछात्रवृत्तिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नेछ ।

(घ) नगरपालिकाभित्र बसोबास गर्ने दलित समुदायका छोराछोरीले उच्च तहको प्राविधिक शिक्षा (इन्जिनियरिङ, चिकित्सा) को प्रवेश परीक्षामा अंशिक वा पूर्ण छात्रबृती वा पुर्ण शुल्कीय कोटामा नाम निकाल्न सफल भएमा निजको अर्थिक अवस्था हेरी सहयोग गरिनेछ।

(ङ) नगरपालिकाले साधारण तथा प्राविधिक धारको मध्यम तथा उच्च शिक्षा अध्ययनका लागि दलित समुदायका बालवालिकाहरूलाई प्रोत्साहन गर्नेछ ।

(च) नगरपालिकाकोपूर्णवा आंशिक छात्रवृत्तिवाटअध्ययन सम्पन्न गर्ने व्यक्तिहरुलाई आफ्नै पालिकामा सेवा गर्न प्रोत्साहित गरिने छ र यसका लागि आवश्यक कार्यविधि वनाई लागु गरिनेछ ।

(छ) संस्थागत विद्यालय तथा क्याम्पसहरुमा अध्ययन गर्ने अर्थिक अवस्था कमजोर भएका दलित विद्यार्थीलाई निःशुल्क अध्ययन गर्ने व्यवस्था मिलाउने र सो को कार्यन्वयन भए नभएको नियमित अनुगमन गर्नेछ ।

(ज) नगरपालिका भित्रका शिक्षण संस्थाहरूमा छुवाछूत र भेदभावरहित दलितमैत्री वनाउन विशेष कार्यक्रम बनाएर कार्यान्वयन गरिनेछ ।

(झ) नगरपालिकाको स्थानीय पाठ्यक्रममा दलित समुदायको ऐतिहासिक व्यक्तिको जीवनी समावेश गरिनेछ ।

(ञ) प्रत्येक विद्यालयमा कम्तीमा एक जना दलित शिक्षक राख्ने व्यवस्था मिलाउने र पालिकाभरका विद्यालयमा अध्यापन गराउने कुल दलित शिक्षकहरुको संख्याको कम्तीमा ४० प्रतिशत दलित महिला शिक्षक हुने व्यवस्था मिलाउने व्यवस्थाका लागि आवश्यक कानूनी व्यवस्था मिलाइनेछ । |

(ट) बिद्यालयको प्रधानाध्यापकको नियुक्तिका लागि मापदण्ड वनाउँदा दलित समुदायका शिक्षकलाइ ग्राहयता हुने गरी तयार गरिनेछ ।

(ठ) अर्थिक अवस्था कमजोर भएका अभिभावकहरूलाइ जीविकोपार्जनका लागि सहयोग गरिनेछ ।

(ञ) दलित बालबालिकाहरू अध्ययन गर्ने सवै सामुदायिक बिद्यालयको बिद्यालय व्यवस्थापन समितिमा दलितको अनिवार्य प्रतिनिधित्व गर्ने गराउने ।

**९. दलित समुदायलाई निःशुल्क स्वास्थ्यः** (१) दलित समुदायलाई निःशुल्क एवं गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन नगरपालिकाले देहायको व्यवस्था मिलाउनेछः

(क) दलित समुदायलाई उनीहरूको आर्थिक अवस्थाका आधारमा निःशुल्क एवं गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन नीति, योजना र कार्यक्रम बनाई कार्यन्वयन गर्नेछ ।

(ख) विपन्न दलित परिवारको लगत तयार गरि त्यस्ता परिवारको निःशुल्क तथा अनिवार्य स्वास्थ्य वीमाको नीति लागू गर्नेतर्फ आवश्यक वातावरण वनाउनेछ ।

(ग) बिशेष जटिल प्रकृतिका रोगहरुमा विशिष्टीकृत स्वास्थ्य सेवाको हकमा दलितका विपन्न परिवारलाई निर्दिष्ट गरिएका स्वास्थ्य संस्थाहरुवाट औषधी सहित निःशुल्क सेवा प्रदान गर्ने व्यवस्था गर्नेछ ।

घ) दलित महिला खास गरि गर्भवति तथा सुत्केरी महिलाहरुको लागि आवश्यक पोषणको लागि विशेष भत्ताको व्यवस्था गरिनेछ ।

(ङ) विपन्न दलित परिवारका कुपोषित वालवालिकाहरुलाई पोषणको व्यवस्था गर्न सक्नेछ ।

(च) महिला स्वास्थ्य स्वंयसेविकाहरु भर्ना गर्दा समावेशी नीति अपनाई दलित महिलाहरुको प्रतिनिधित्व सुनिश्चित गर्नेछ ।

**१०. अनुगमनः** यस परिच्छेद् बमोजिमको कार्यको दफा ३ बमोजिमको समितिले नियमित अनुगमन गर्नेछ।

## परिच्छेद – ४ : सामाजिक सुरक्षा सम्वन्धी व्यवस्था

**११. दलित समुदायलाई सामाजिक सुरक्षाको व्यवस्था मिलानेः** (१) दलितलाई विशेष सामाजिक सुरक्षाको व्यवस्था मिलाईनेछ ।

(२) ६० वर्ष उमेर पुरा भई ६८ बर्ष ननाघेका दलित जेष्ठ नागरिकहरुलाई नगरपालिकाले "बिशेष सामाजिक सुरक्षा भत्ता" प्रदान गर्न सक्नेछ ।

(३) जेष्ठ नागरिकहरुको लगत राख्दा दलित समुदायका जेष्ठ नागरिकहरुको छुट्टै लगत राख्ने र त्यसको अनुगमन दलित समितिले गर्नेछ ।

**१२. अनुगमनः** यस परिच्छेद् बमोजिमको कार्यको दफा ३ बमोजिमको  समितिले नियमित अनुगमन गर्नेछ

## परिच्छेद – ५ : परम्परागत सीप तथा पेशा व्यवसायको विकास सम्वन्धी व्यवस्था

**१३. परम्परागत सीप तथा पेशा व्यवसायको विकास सम्वन्धी व्यवस्थाः** (१) दलित समुदायको परम्परागत सीप तथा व्यवसायको विकास, आधुनिकीकरण तथा वजारीकरणको लागि देहाय बमोजमको व्यवस्था मिलाईनेछः

(क) दलित समुदायको परम्परागत सीप तथा व्यवसायलाई आधुनिकीकरण गर्नको लागि आवश्यक सीप विकास तालिम, औद्योगिकरण तथा वजारीकरणका साथै पूजींको व्यवस्था गर्न आवश्यक सहयोग तथा सहजीकरण गर्ने ।

(ख) परम्परागत सीपभएका तर त्यसकोशैक्षिक मान्यता प्राप्तनगरेकाहरुलाई सीप परीक्षण र स्तरीकरण गरी शैक्षिक स्तर निर्धारण गर्न प्राविधिक शिक्षालय संग समन्वय सहकार्य गर्ने |

(ग) दलितहरुको परम्परागत तथा मौलिक पेशाहरुलाई वौद्धिक अधिकार प्रदान गर्नको लागि आवश्यक पहल गर्ने ।

(घ) दलितहरुको उद्यम विकास गर्नको लागि स्थानीय तहमा संचालित वैंक तथा वित्तीय संस्था, घरेलु, परियोजना, उद्योग वाणिज्य संघ आदिसंग सम्पर्क, समन्वय र सहजीकरण गर्नेछ ।

(ङ) नगरपालिकाले प्रदान गर्ने विभिन्न खालका सीपमूलक तालिमसंग दलितका परम्परागत पेशालाई पनि जोडिनेछ ।

## परिच्छेद – ६ : भूमि तथा आवास सम्वन्धी व्यवस्था

**१४. भूमीहिन दलितलाई एकपटक जमीन उपलव्ध गराउने व्यवस्थाः** भूमीहिन दलितहरुलाई संविधानले प्रदत्त गरेको अधिकार अनुसार एकपटक जमीन उपलव्ध गराउन संघ र प्रदेश सरकारसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

**१५. आवास विहिन दलितलाई आवास उपलव्ध गराउने व्यवस्थाः** संघ र प्रदेश सरकारसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

## परिच्छेद –७ : समानुपातिक समावेशी प्रतिनिधित्व सम्वन्धी व्यवस्था

**१६. नगरपालिकाका सवै निकायमा समानुपातिक समावेशी प्रतिनिधित्व गराउनेः** (१) नगरपालिकाका सवै निकायमा समानुपातिक समावेशी सिद्धान्तकोआधारमा प्रतिनिधित्वको व्यवस्था मिलाईनेछ ।

(२) नगरपालिका अन्तरगत रहने कुनै पनि निकाय तथा सेवा केन्द्रहरुमा पदपूर्तिको विज्ञापनमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा भर्ना लिईनेछ ।

(३) संघ, प्रदेश तहमा खोलिएका लोकसेवा तथा अन्य निकायको  पदहरूमा प्रतिस्पर्धा गर्न सक्ने वनाउनका लागि आवश्यक तयारी कक्षा संचालन गरिनेछ ।

(४) नगरपालिका अन्तर्गत सुरक्षा निकाय (नगर प्रहरी) भर्ना हुनका लागि आवश्यक न्यूनतम योग्यता पुगेका दलित युवाहरुका लागि तयारी कक्षा तथा शारीरिक सक्षमताको तालिम प्रदान गर्न आवश्यक व्यवस्था गरिनेछ ।

(५) नगरपालिका अन्तरगत रहने कुनै पनि निकाय तथा सेवा केन्द्रहरुमा जनशक्ति भर्ना गर्दा समानुपातिक समावेशी सिद्धान्तको आधारमा भर्ना लिईनेछ ।

## परिच्छेद-८ : छुवाछूत तथा विभेद उन्मूलन सम्वन्धी व्यवस्था

**१७. छुवाछूत तथा विभेद उन्मूलन सम्वन्धी व्यवस्थाः** नगर प्रमुखको नेतृत्व र सम्बन्धित सबै सरोकारवालाहरुको सहभागितामा छुवाछूत तथा जातीय विभेद अन्त्य सम्बन्धी नगरपालिकार वडास्तरीय सामाजिक जनचेतना अभियान संचालन गरिनेछ |

**१८. सचिवालयले हेल्प डेस्कको रूपमा काम गर्नेः** (१) यस परिच्छेद् प्रयोजनका लागि दफा ६ को उपदफा (१) बमोजिमको सचिवालयले नै देहाय बमोजिमको छुवाछुत तथा जातीय विभेद उन्मूलन निगरानी तथा हेल्प डेस्कको रुपमा काम गर्नेछ ।

(२) हेल्प डेस्कमा दलित समुदायका प्रतिनिधिलाई वा कुनै व्यक्तिलाई  जिम्मेवारी दिईनेछ ।

(३) डेस्कमा प्राप्त जातीय छुवाछुत तथा बिभेद सम्वन्धी उजुरी एवं  निवेदन दफा ३ बमोजिमको समितिमा पठाउने वा सम्बन्धित  शाखामा वा निकायमा प्रेषित गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम अएको उजुरीको बिषयमा समितिले स्थलगत रूपमा अध्ययन गरी प्रतिवदेन तयार गर्नेछ ।

(५) उपदफा (४) बमोजिमको अध्ययन प्रतिवेदनमा दोषी देखिएका व्यक्तिलाई नगरपालिकाबाट प्रदान हुने सेवा सुविधामा रोक लगाउने गरी कार्यपालिकाले निर्णय गर्न सक्नेछ ।

(६) जातीय छुवाछुतको अन्त्य गर्नका लागि गैरदलित समुदायको समेत प्रतिनिधित्व हुने गरी वडास्तरीय छुवाछुत निगरानी केन्द्र गठन तथा परिचालन गरिनेछ।

(६) निगरानी डेस्कको अन्य काम, कर्तव्य र अधिकार समितिको सचिवालयले तोके बमोजिम हुनेछ ।

## परिच्छेद–९ : विविध व्यवस्था

**१९. उजुरी गर्न सक्नेः** जातीय भेदभाव तथा छुवाछूतको घटनाका पीडित व्यक्ति वा निजका आफन्तले दफा३ बमोजिमको समितिमा उजूरी गर्न सक्नेछ र छुवाछुत तथा विभेद भएको पाइएमा आवश्यक कारवाहिका लागी इलाका/जिल्ला प्रहरी कार्यालयमा सिफारिस सहित पठाइने छ|

**२०.प्रोत्साहित गर्ने :** अन्तरजातीय विवाह गर्ने जोडीलाईप्रोत्साहित गर्न विशेस पुरस्कारको व्यवस्था हुने छ|

**२१.अनुदानको व्यवस्था गर्ने :** दलित समुदायले संचालन गरेका उद्योग, कलकारखाना तथा ब्यबसायलाई प्रोत्साहित गर्न विशेष अनुदानको व्यवस्था हुने छ|

**२१. प्रतिवेदन पेश गर्नुपर्नेः** (१) समितिले आर्थिक वर्षमा समाप्त भएको मितिले २ (दुई) महिनाभित्र गत आर्थिक बर्षमा गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन तयार गरी अध्यक्षमार्फत कार्यपालिकामा पेश गर्नु पर्नेछ

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन नगर प्रमुखले कार्यपालिकाको बैठकबाट स्वीकृत गराई नगरसभामा पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम कार्यपालिकाबाट स्वीकृत भइ आएको प्रतिवेदनमाथि नगरसभामा छलफल हुनेछ।

(४) यस दफा बमोजिमको प्रतिवेदनमा नगरसभाले समितिलाई आवश्यक सल्लाह, सुझाव र निर्देशन दिन सक्नेछ।

**२२. नियम बनाउन सक्नेः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि नगरपालिकाले नियमावली बनाउन सक्नेछ।

**२३. कार्यविधि तथा निर्देशिका बनाउने अधिकार :** यस ऐनको कार्यान्वयन गर्न कार्यपालिकाले यस ऐन अन्तर्गत बनेको नियममावलीको प्रतिकूल नहुने गरी आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ।

**॥ समाप्त ॥**

आज्ञाले

शंकर सुचिकार

प्रमुख प्रशासकिय अधिकृत